# विश्व रेबिज दिवस २०७५(World Rabies Day 2018)

# प्रेस विज्ञप्ती

मिति: २०७५/०६/१२

आज सेप्टेम्बर २८, विश्व रेविज दिवस **"रेबिज बारे जनचेतना फैलाऔं, अमूल्य जीवन बचाऔं"** **"Rabies: Share the message. Save a life"** भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरू गरी मनाईदैछ । रेबिजले मानिसमा पार्ने प्रभावको बारेमा जनचेतना अभिवृद्धि गर्ने, जोखिममा रहेकाहरूलाई रोकथामका बारेमा सूचना, सल्लाह र सेवाहरू प्रदान गर्ने तथा रोगनियन्त्रणका लागि आवश्यक वकालत गर्दै रेबिजविरुद्धको संघर्षको रूपमा यो दिवस मनाइन्छ ।

विश्वव्यापीरूपमा हरेक बर्ष उनन्साठी हजार (५९,०००) व्यक्तिको ज्यान रेबिजले लिने गरेको छ । जसमा आधाजति १५ वर्षमुनिका बालबालिकाहरू रहेका छन् । विश्वभरिमा हुने रेबिजको पन्चानब्बे प्रतिशत (९५%) समस्या एशिया र अफ्रिकामा मात्रै हुने गरेको छ । नेपालमा विशेषत: तराई र पहाडमा यसको समस्या देखिने गरेको छ । नेपालको आधा जनसंख्या यो रोगको उच्च जोखिममा छन् र एक चौथाई मध्यम जोखिममा छन् । गत आ.ब. मा मात्रै २६३१२ जनालाई कुकुरले टोकेको थियो, २२०२ जनालाई कुकुरबाहेकका जनावरले टोकेका थिए । यसरी जम्मा २८५१४ जनालाई रेबिज लाग्नसक्ने संभावित जनावरहरूले टोक्दा २८१७१८ भायल रेबिज विरुद्धको खोप खपत भएको थियो ।

रेबिज रोग लाईसा नामक स्नायु नसामा प्रभाव पार्ने आर एन ए भाईरसले गर्दा हुने रोग हो । यो भाइरस संक्रमित जनावरको र्‍यालबाट घाउको बाटो हुँदै शरिरभित्र छिरेर स्नायु नसाको माध्यमले मस्तिष्कसम्म पुग्दछ । यसको भाइरस शरीरमा प्रवेश गरेपछि शुरुमा ज्वरो आउने, घाउ भएको स्थानमा दुख्ने, झम्झमाउने, घोचे, पोलेजस्तो हुने र पछि भाईरस मस्तिष्कसम्म पुगेपछि मस्तिष्क तथा स्नायुनसाहरू सुन्निने हुन्छ । प्रभावित व्यक्तिका क्रियाकलापहरू र व्यवहारहरू अत्यधिक उत्तेजित हुने, पानीदेखि डराउने, हावाको चालबाट तर्सिने र केहि दिनपछि श्वासप्रश्वास र रक्तसञ्चारमा समस्याआई मृत्यु हुन्छ ।

यस रोगको लक्षणहरू देखिएमा अर्थात् रोग लागेमा मृत्यु निश्चित छ । तर हाम्रा समयमै गरिएका सावधानीहरूले यसलाई शतप्रतिशत रोकथाम गर्न सकिन्छ । यसको रोकथामका लागि जनावरबाट भाईरस मानिसमा आउन नदिनु नै सर्वोत्तम उपाय हो । त्यसका लागि पाल्तु जनावरहरूलाई व्यवस्थित तरिकाले पाल्ने तथा जंगली जनावरहरूको सम्पर्कमा नआउने उपाय गर्नुपर्दछ ।

- घरपालुवा कुकुरलाई पशु चिकित्सकको सल्लाहअनुसार समय समयमा खोप लगाउने र यसको रेकर्ड अद्यावधिक गरी राख्ने । अन्य कुकुरहरूको समुचित खोप लगाउने तथा व्यवस्थापन गर्ने ।
- त्यस्तै समयमै शंकास्पद कुकुर वा अन्य जनावरहरूको टोकाईपछि टोकेको स्थानलाई कमसेकम १५ मिनेट साबुनपानी, डिटोल, पोभिडिन आयोडिन जस्ता भाईरस मार्ने चिजले राम्ररी सफा गर्ने र नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सकको सल्लाहअनुसार रेबिज रोगको खोप लगाउने । (यो खोप नेपाल सरकारले नि:शुल्क उपलब्ध गराउने गरेको छ ।)

रेविजबाट हुने मानव मृत्युलाई शुन्य बनाउने र रेबिज रोगलाई सन् २०३० सम्म निवारण गर्ने विश्वव्यापी लक्ष्यप्राप्तिको लागि यस रोगको खोप र उपचारको उपलब्धता सुनिश्चित गर्न स्वास्थ्य सेवा विभाग केन्द्रित छ । यो लक्ष्यप्राप्ति सरोकारवाला बहुनिकायहरू- विश्व स्वास्थ्य संगठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी एवं गैह्र सरकारी निकायहरू, सामाजिक संघ संस्था, पत्रकारहरुको एकिकृत प्रयासले मात्रै सम्भव छ ।

**ईपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा**

**स्वास्थ्य सेवा विभाग**